**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ अक्टुबर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा ५औँ राष्ट्रिय जल पुरस्कार २०२३ प्रदान गर्नु हुनेछ ।
२. प्रधानमन्त्री नरेन्द्र मोदी आज 16 औ ब्रिक्स सम्मेलनमा भाग लिन दुई दिवसीय रूस भ्रमणमा जानु हुनेछ
३. उपराष्ट्रपति जगदीप धनखरले द्वन्द्व र मतभेदले विभाजित विश्वमा भारतीय कला विशेषगरी नृत्यले एकताको नमुना प्रस्तुत गरेको बताउनु भएको छ ।
४. पश्चिम बङ्गालकी मुख्यमंत्री ममता ब्यनार्जीसंग भएको बैठकपछि आरजीकर मेडिकल कलेज एव अस्पताल काण्डमा आन्दोलनरत जुनियर डाक्टरहरुहरुले अनशन फिर्ता लिएका छन् I
५. भारतीय क्रिकेट कन्ट्रोल बोर्ड-बीसीसीआईले 31 अक्टोबरदेखि सुरु हुने अष्ट्रेलिया भ्रमणका लागि भारत ए टोलीको घोषणा गरेको छ।

**<u>राष्ट्रपति-राष्ट्रीय जल पुरस्कार</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीमा ५औँ राष्ट्रिय जल पुरस्कार २०२३ प्रदान गर्नु हुनेछ । केन्द्रीय जलशक्ति मन्त्रालयले उत्कृष्ट राज्य, जिल्ला, ग्राम पञ्चायत, शहरी स्थानीय निकाय, जल उपयोगकर्ता संघ र उत्कृष्ट नागरिक समाज गरी नौ विधामा ३८ जना विजेता घोषणा गरेको छ । उत्कृष्ट राज्य विधामा ओडिशाले प्रथम, उत्तर प्रदेशले दोस्रो र गुजरात र पुडुचेरीले संयुक्त रूपमा तेस्रो स्थान पाएका छन् । प्रत्येक विजेतालाई धेरै विधामा नगद पुरस्कार सहित प्रशंसा पत्र र ट्रफी पनि प्रदान गरिनेछ। जलशक्ति मन्त्रालयले सरकारले राष्ट्रियस्तरमा जल व्यवस्थापन र जल संरक्षणका लागि सचेतना अभियान सञ्चालन गरिरहेको जनाएको छ । पानी समृद्ध भारतको सरकारको लक्ष्य हासिल गर्न देशभरका मानिसहरू र संस्थाहरूले गरेका महत्त्वपूर्ण प्रयासहरूको लागि राष्ट्रिय जल पुरस्कार प्रदान गरिन्छ।

****** ० ******

**<u>पीएम- रूस भ्रमण</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी आज दुई दिवसीय रूस भ्रमणमा जानु हुनेछ I उहा काजानमा हुने १६औँ ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका (ब्रिक्स) शिखर सम्मेलनमा सहभागी हुनुहुनेछ । सम्मेलनको विषय न्यायपूर्ण वैश्विक विकास अनि सुरक्षाका लागि बहुपक्षीयतालाई बलियो बनाउने रहेको छ । कजानमा आकाशवाणी संवाददातासँग कुरा गर्नु हुदै रूसका लागि भारतीय राजदूत विनय कुमारले भन्नु भयो, शिखर सम्मेलनले प्रमुख विश्वव्यापी मुद्दाहरूमा छलफल गर्न नेताहरूलाई महत्त्वपूर्ण मञ्च प्रदान गर्नेछ। यसमा ब्रिक्सले सुरु गरेका पहलहरूको प्रगतिको पनि मूल्याङ्कन गरिनेछ।

श्री कुमारले भन्नु भयो, प्रधानमन्त्री मोदीले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग द्विपक्षीय भेट गर्नेछन्।

BYTE

प्रधानमन्त्रीको रुस भ्रमणबारे पत्रकारहरुलाई जानकारी दिनु हुदै विदेश सचिव विक्रम मिश्रीले भारत ब्रिक्सको संस्थापक सदस्य भएको र स्थापनाकालदेखि नै यसका सबै गतिविधि, पहल र प्रतिबद्धतामा सहभागी भएको बताउनु भयो ।

BYTE

विदेश सचिवले भन्नु भयो, ब्रिक्सले धेरै विश्वव्यापी चुनौतिहरूलाई सम्बोधन गर्न महत्त्वपूर्ण मञ्चको रूपमा काम गर्दछ। यस वर्षको शिखर सम्मेलन नयाँ ब्रिक्स सदस्यहरूलाई ब्रिक्स सहयोग संयन्त्रमा एकताबद्ध गर्ने कुरामा केन्द्रित रहेको उहाले बताउनु भयो । उहाले दुई दिवसीय शिखर सम्मेलनले आर्थिक सहयोगलाई मजबुत बनाउने, ऊर्जा र खाद्य सुरक्षा, स्वास्थ्य सेवा र युवा आदानप्रदानमा सहयोग प्रवर्द्धन गर्ने पनि बताउनु भयो ।

****** ० ******

**उपराष्ट्रपति- भारतीय कला**

उपराष्ट्रपति जगदीप धनखरले द्वन्द्व र मतभेदले विभाजित विश्वमा भारतीय कला विशेषगरी नृत्यले एकताको नमुना प्रस्तुत गरेको बताउनु भएको छ । उहाले भारतको समृद्ध सांस्कृतिक सम्पदाले सीमापारका मानिसहरूलाई एकताबद्ध गर्ने शक्तिलाई जोड दिनु हुदै भारतीय कलाले प्रकाशको रूपमा काम गर्नु भएको छ। नयाँ दिल्लीमा भारतीय नृत्यको अन्तर्राष्ट्रिय महोत्सवमा भेलालाई सम्बोधन गर्नु हुदै नृत्य कलाकारहरू संस्कृति र शान्तिका दूत हुन्, जसले संवादलाई बढावा दिन्छन् र शान्त कूटनीतिक चालको आधार पनि सिर्जना गर्छन्। उपराष्ट्रपतिले महाकाव्यहरू मार्फत विश्वव्यापी संस्कृतिमा भारतको ऐतिहासिक प्रभावमाथि पनि जोड दिनु भयो।

****** ० ******

**अमित शाह-गुजरात**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज गान्धीनगरको महात्मा मन्दिरमा 14 औं अखिल भारतीय नागरिक रक्षा र गृह सुरक्षा सम्मेलनको उद्धाटन गर्नु हुनेछ। गुजरात भ्रमणमा रहेका श्री शाह आनंदमा राष्ट्रिय डेयरी विकास बोर्ड (NDDB) को 60 औं स्थापना दिवसमा पनि सहभागी हुनेछन्। सो अवसरमा गृहमन्त्रीले एन.डी.डी.बी.का तीन नयाँ परियोजनाको पनि उद्धाटन गर्नु हुनेछ । त्यसपछि, श्री शाहले गुजरात विधानसभामा विधान मस्यौदा प्रशिक्षण कार्यशालामा भाग लिनु हुनेछ र विधायकहरूलाई सम्बोधन गर्नु हुनेछ।

****** ० ******

**मांडविया-महिला खेलाड़ी छात्रावास**

केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री मनसुख मण्डावियाले केरलाको करियावट्टममा रहेको लक्ष्मीबाई नेशनल कलेज अफ फिजिकल एजुकेशन – एल.एन.सी.पी.ई.मा ३०० बेडको छात्रावासको उद्धाटन गर्नु भयो। यो भारतीय खेलकुद प्राधिकरणको शैक्षिक शाखा हो। सामाजिक सञ्जालमा एक पोस्ट साझा गर्नु हुदै केन्द्रीय मन्त्रीले भन्नु भयो, यो खेलकुदको माध्यमबाट महिला सशक्तिकरण गर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शिताको प्रमाण हो। अत्याधुनिक सुविधासहितको यो छात्रावासले युवा महिला खेलाडीहरूलाई उनीहरूको विकास र सफलताको लागि उत्कृष्ट स्रोतहरू उपलब्ध गराउनेछ।

****** ० ******

**बंगाल मुख्यमंत्री-डॉक्टर बैठक**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले हिजो राज्य सचिवालय नबन्नामा आरजी कर मेडिकल कलेज एव अस्पताल काण्डलाई लिएर आन्दोलनरत जुनियर डाक्टरका प्रतिनिधिहरूसँग बैठक गर्नु भयो। बैठकमा आरजी कार मेडिकल कलेज घटनाका पीडितलाई न्याय दिलाउने लगायतका विषयमा छलफल भएको थियो। मुख्यमन्त्रीसँगको भेटपछि जुनियर चिकित्सकहरूले अनशन फिर्ता लिएका छन्। बैठकमा मुख्य सचिव र गृहसचिवको पनि उपस्थिति रहेको थियो।

****** ० ******

**झारखंड-अधिसूचना**

झारखण्डमा दोस्रो चरणको विधानसभा चुनावका लागि आज अधिसूचना जारी गरिनेछ। यस चरणमा नोभेम्बर २० मा कुल ३८ सिटमा मतदान हुनेछ। उम्मेदवारी दर्ताको अन्तिम मिति 29 अक्टोबर रहेको छ। उम्मेदवारले बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म उम्मेदवारी दर्ता गर्न सक्नेछन् भने 30 अक्टोबरको दिन मनोनयनपत्रको जाच हुनेछ । उम्मेदवारले एक नोभेम्बरसम्म उम्मेदवारी फिर्ता लिन सक्नेछन्। पहिलो चरणको मतदान नोभेम्बर १३ मा हुनेछ। यसैबीच पहिलो चरणको निर्वाचनका लागि हालसम्म २५ जनाले उम्मेदवारी दर्ता गराएका छन्। पहिलो चरणका लागि उम्मेदवारी दर्ता गर्ने अन्तिम मिति २५ अक्टोबर हो ।निर्वाचनको सूचना जारी भएसँगै राज्यका विभिन्न स्थानबाट अहिलेसम्म सात करोड ७२ लाख रुपैयाँभन्दा बढीको अवैध सामग्री र नगद बरामद भएको छ। निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको अभियोगमा ६ वटा एफआइआर पनि दर्ता भएका छन्।

****** ० ******

**एनसीपी - स्टार प्रचारक**

राष्ट्रवादी कांग्रेस पार्टी (NCP) ले महाराष्ट्रमा विधानसभा चुनावका लागि 27 स्टार प्रचारकहरूको सूची जारी गरेको छ। एनसीपी प्रदेश अध्यक्ष सुनील तटकरेले जारी गरेको सूचीमा उपमुख्यमन्त्री अजित पवार, पार्टीका कार्यकारी अध्यक्ष प्रफुल्ल पटेल, वरिष्ठ नेता छगन भुजबल, राज्यमन्त्री दिलीप वाल्से पाटिल, धनंजय मुंडे, हसन मुश्रीफ र अदिती तटकरे लगायतका नामहरू छन्। यसबाहेक पार्टीले विधानसभाका उपाध्यक्ष  नरहरि झिरवाल, सांसद नितिन पाटिल, अभिनेता–राजनीतिज्ञ सयाजी शिन्दे, महिला सङ्घ प्रदेश इन्चार्ज रुपाली चाकङ्कर लगायतलाई स्टार प्रचारकको भूमिका सुम्पिएको  छ ।

****** ० ******

**राज ठाकरे - महाराष्ट्र सूची**

राज ठाकरे नेतृत्वको महाराष्ट्र नवनिर्माण सेनाले विधानसभा चुनावका लागि उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ। पार्टीले कल्याण ग्रामीण क्षेत्रबाट राजु पाटिल र ठाणेबाट अविनाश जाधवलाई उम्मेदवारको घोषणा गरेको छ।

****** ० ******

**कांग्रेस झारखण्ड**

कांग्रेसले हिज झारखण्ड विधानसभा चुनावका लागि 21 उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ। झारखण्ड सरकारका मन्त्री रामेश्वर उराओनले लोहरदगा विधानसभा सीटबाट चुनाव लड्नेछन् भने पार्टीका वरिष्ठ नेता डा अजय कुमार जमशेदपुर पूर्व सीटबाट चुनाव लड्नेछन्। राज्यमन्त्री डा इरफान अन्सारी आफ्नो वर्तमान जामतारा विधानसभा क्षेत्रबाट उम्मेदवार भएका छन् । कांग्रेसको केन्द्रीय निर्वाचन समितिले यी उम्मेदवारहरुको  नामलाई अनुमोदन गरेको छ ।

****** ० ******

**तेलंगाना-पावर एम्बुलेंस**

तेलंगाना सरकारले आपतकालीन विद्युत पुनर्स्थापना सेवाहरूलाई सुव्यवस्थित गर्न 'पावर एम्बुलेन्स' सुरु गरेको छ। यी एम्बुलेन्सहरू ग्रेटर हैदरावाद म्युनिसिपल कर्पोरेशनको सीमाभित्र सञ्चालन हुनेछन्। एम्बुलेन्स जस्तै डिजाइन गरिएको, यी सवारी साधनहरूले शहरभरि बिजुली आपूर्तिमा कुनै अवरोध हुँदा तुरुन्त प्रतिक्रिया र विजुलीको वाहली सुनिश्चित गर्नेछ । उद्घाटनपछि सञ्चारकर्मीसँग कुरा गर्नु हुदै  उपमुख्यमन्त्री भट्टी विक्रमार्काले सबै डिभिजनमा पहिलो पटक यस्ता सवारीसाधन तैनाथ गरी २४ सै घण्टा सञ्चालन हुने बताउनु भयो । उहाले  विद्युत आपूर्तिमा अवरोध आएमा उपभोक्ताले टोलफ्री नम्बर 1912 मा फोन गर्न सक्ने बताउनु भएको छ ।

****** ० ******

**बीसीसीआई-भारत ए टीम**

भारतीय क्रिकेट कन्ट्रोल बोर्ड-बीसीसीआईले 31 अक्टोबरदेखि सुरु हुने अष्ट्रेलिया भ्रमणका लागि भारत ए टोलीको घोषणा गरेको छ। भारत 'ए' टोलीले अष्ट्रेलिया 'ए' विरुद्ध म्याके र मेलबर्नमा दुई प्रथम श्रेणीको म्याच  खेल्नेछ। यसपछि, सिनियरहरूले पर्थमा भारतीय पुरुष टोली विरुद्ध तीन दिनको इंट्रा-स्क्वाड म्याचमा  भाग लिनेछन्। छनोट समितिले ऋतुराज गायकवाडको नेतृत्वमा १५ सदस्यीय भारत ए टोली छनोट गरेको छ । यस वर्षको सुरुमा बीसीसीआईको अनुबन्धित खेलाडीको सूचीबाट बाहिरिएपछि विकेटकिपर ब्याट्सम्यान इशान किशनलाई पनि भारत ए टोलीमा समावेश गरिएको छ ।

****** ० ******